# नगर सभामा प्रस्तुत वार्षिक नीति, कार्यक्रम तथा बजेट

## आ.व. २०७९/०८०

**दिपायल सिलगढी नगरपालिका**

**सिलगढी, डोटी**

**मिति : २०७९/०३/१०**

Scanned with CamScanner

- यस गरिमामय नगर सभाका श्रद्धेय अध्यक्षज्यू एवं नगर प्रमुख ज्यू, यस नगरसभाका प्रमुख अतिथि एवं श्रद्धेय जिल्ला समन्वय समिति प्रमुखज्यू, विशिष्ट अतिथि एवं श्रद्धेय जिल्ला समन्वय समिति उपप्रमुखज्यू, नगरसभाका सम्पूर्ण सदस्य ज्यूहरु, पत्रकार महासंघ जिल्ला अध्यक्ष ज्यू, गैरसरकारी संस्था महासंघ जिल्ला अध्यक्षज्यू, उद्योग वाणिज्य संघ जिल्ला अध्यक्षज्यू,
- प्रमुख प्रशासकिय अधिकृतज्यू लगायत सम्पूर्ण कर्मचारीज्यूहरु, पत्रकार एवं सञ्चारकर्मीज्यूहरु ।

हालै सम्पन्न स्थानीय तहको निर्वाचन पश्चातको पहिलो नगर सभा एवं एघारौं नगर सभामा नगर सभाका सम्पूर्ण सदस्य ज्यूहरुलाई हार्दिक बधाइ तथा कार्यकाल सफलताको शुभकामना सहित यहांहरु सम्पूर्णमा हार्दिक स्वागत गर्दै सर्वप्रथम यस महत्वपूर्ण घडीमा इतिहासका विभिन्न कालखण्डमा भएका प्रजातान्त्रिक, गणतान्त्रिक आन्दोलनमा आफ्नो प्राणको आहुति दिनुहुने सम्पुर्ण ज्ञात अज्ञात प्रातःस्मरणीयशहीदहरु प्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्न चाहन्छु ।

**श्रद्धेय सभाध्यक्षज्यू,**

यस नगरसभामा नगरपालिकाको वार्षिक, नीति, बजेट तथा कार्यक्रम पेश गर्न पाउँदा मलाई खुसी लागेको छ । सुसंस्कृत, सन्दर र समृद्ध यस नगरपालिकाको विकासमा प्रत्यक्ष र अप्रत्यक्ष सहयोग र समर्थन गर्नुहुने सम्पूर्ण महानुभावहरु प्रति हार्दिक आभार प्रकट गर्दछु ।

नेपाल सरकारले पन्ध्रौं आबधिक योजना कार्यान्वयनमा ल्याएको छ । यसै बर्ष सम्ममा नेपाललाई अति कम बिकसित देशबाट बिकासशील देशमा स्तरोन्नती गर्दै वि.सं. २०८७ सम्ममा मध्यम आय भएको मुलुकमा पुर्याउने र वि.सं.२१०० सम्ममा नेपाललाई उच्च आय भएको मुलुकमा रुपान्तरण गरी **सम्वृद्ध नेपाल, सुखी नेपाली** को राष्ट्रिय आकांक्षा पुरा गर्ने दीर्घकालीन सोच सहित वि.सं.२०८७ सम्ममा दीगो विकास लक्ष्य हासिल गर्ने सोच अनुरुप हामीले नगरपालिकालाई पनि सोही अनुरुप आर्थिक,भौतिक, मानबीय र समाजिक विकासमा गतिशील बनाउनु पर्ने अवस्था विद्यमान रहेको कुरा मनन गर्नु सबै जनप्रतिनिधी, सरोकारवालाहरु एवं कर्मचारीहरुले आवश्यक रहेको छ ।

**श्रद्धेय सभाध्यक्षज्यू**

दिपायल सिलगढी नगरपालिकाको आर्थिक वर्ष २०७९।०८०को वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा स्थानीय तहले अवलम्वन गर्नपर्ने प्रकिया पूरा गरि आएका नगरवासीहरुका मागहरुलाई नगरपालिकाको स्रोत र साधनले भ्याए सम्म समेट्ने प्रयास गरेका छौं । योजना तर्जुमा गर्दा नेपालको संविधान २०७२ को अनुसूची ८ मा व्यवस्था गरिएका स्थानीय तहका एकल अधिकार र अनुसूची ९ मा व्यवस्था गरिएका साझा अधिकार, स्थानीय सरकार सञ्चालन ऐन २०७४ स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४, संघीय सरकारको बजेट तथा कार्यक्रम साथै प्रदेश सरकारको बजेट तथा कार्यक्रम र मार्ग दर्शनलाई पूर्णतः अवलम्वन गर्दै यो नीति, कार्यक्रम तथा बजेट तयार गरिएको छ । यस नीति तथा कार्यक्रम निर्माणका लागि विषयगत समितिहरु, वडा समितिहरु,

Scanned with CamScanner

विभिन्न लक्षित समुहहरु, राजनैतिक दलहरु, विषयगत शाखाहरु तथा गैर सरकारी संघ संस्था, नागरिक समाज, सम्बन्धित क्षेत्रका विज्ञहरु लगायतबाट प्राप्त सुझाव एंव वडास्तरीय भेलाबाट छनौट भई प्राथमिकिकरणको आधारमा नगरकार्यपालिकाको वैठकबाट सिफारिस भई आएका योजना तथा कार्यक्रमहरुलाई यस नगर सभामा पेश गरिएको छ ।

स्थानीय सरकारको भूमिका निर्वाह गरिरहेको नगरपालिकाले सिमित स्रोत साधन बाट काम गर्नु पर्ने चुनौति हुंदाहुंदै पनि चालु आ.व. मा नगर बासीहरुको हित र सुविधाका लागि सुशासन, सामाजिक विकास एवं भौतिक पूर्वाधार निर्माण तथा स्रोत परिचालन गरि यस क्षेत्रको विकासका सम्वन्धमा केही अनुभुति योग्य कार्य गर्ने प्रयास गरिएको छ । नगरपालिकाले आफ्नो दैनिक प्रशासनिक एवं विकास निर्माणका कार्यहरुलाई अझ चुस्तदुरुस्त बनाउन तथा सम्पादन गरिएका नियमित सेवा तथा विकासका कार्यहरुमा आम जनताहरु प्रतिको जवाफदेहितामा वृद्धि गर्न सरोकारवालाहरुको जिज्ञासा, सुझाव र प्रतिक्रियाका लागि सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई कार्यक्रमलाई निरन्तरता दिइने छ भने सञ्चालित आयोजनामा उपभोक्ता समितिका पदाधिकारीहरुलाई जनता प्रतिको जवाफदेहीता वृद्धि गर्न सार्वजनिक सुनुवाइ, सार्वजनिक लेखा परीक्षण कार्यलाई प्रभावकारी बनाउँदै लगिने छ ।

## बार्षिक नीति, कार्यक्रम तथा बजेट तयार गर्दा लिइएका आधारहरु :

- नेपालको संविधान अनुसूची ८ र ९ ले निर्दिष्ट गरेको स्थानीय तहको एकल तथा साझा अधिकारहरु, मौलिक हकहरु, राज्यका निर्देशक सिद्धान्त र नीतिहरु
- संघीय तथा प्रदेश सरकारले अंगीकार गरेको आर्थिक तथा वित्तिय नीतिहरु
- स्थानीय सरकार सञ्चालन ऐन २०७४
- संघीय तथा प्रदेश सरकारवाट प्राप्त बजेट सिलिङ्ग र सो को साथमा प्राप्त मार्ग निर्देशनहरु
- माननिय सांसद ज्यूहरु र राजनैतिक दलहरुबाट प्राप्त सुझावहरु
- स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले दिएका सिफारिसहरु
- राजश्व परामर्श समितिको सिफारिस
- बजेट तथा योजना तर्जुमा समितिको सिफारिस
- विगत वर्षहरुमा सम्पन्न भएका नगर सभा र नगर कार्यपालिका बैठकहरुबाट भएका निर्णयहरु
- विभिन्न विषयगत समिति, विषयगत शाखा, विषयगत विज्ञहरुवाट प्राप्त सुझावहरु

Scanned with CamScanner

## आर्थिक वर्ष २०७९/०८० को नीति कार्यक्रम तथा बजेटका उद्देश्यहरु

- आम जनाताहरुका जीवनयापनका न्युनतम आधारभुत आवश्यकता परिपूर्ति गर्दै गरिवी, बेरोजगारी न्युनिकरण गर्ने
- यस क्षेत्र भित्रको स्रोत, साधन र अवसरको उच्चतम उपयोग गरि आर्थिक, सामाजिक तथा मानवीय विकास गर्ने
- सामुदायिक सृजनशिलता र उद्यमशिलताको प्रवर्द्धन र विकास गरि जनसहभागितामा आधारित सामुदायिक विकास गर्ने
- समुदायका कला,संस्कृति,भाषा,साहित्य,भेषभुषा को प्रवर्द्धन र संरक्षण गर्ने
- यस क्षेत्रमा विद्यमान जाति,धर्म,प्रथा,परम्परा लिङ्ग तथा संस्कारका नाम हुने विभेद, शोषण, अन्याय अन्त्य गरि मानवतामा आधारित समाज निर्माण गर्ने नीति लिने ।
- नगरलाई आकर्षक, वातावरणमैत्री बनाउनका लागि फोहोरको उचित व्यवस्थापन एवं Green City, Clean Cityको अवधारणालाई आत्मसात गरिनेछ ।

## बजेट तथा कार्यक्रमका प्राथमिकता क्षेत्र :

- कृषिमा आधुनिकीकरण तथा व्यावसायिकरण
- शिक्षा क्षेत्रमा गुणात्मक सुधार
- गुणस्तरीय सर्वसुलभ स्वास्थ्य सेवा
- पूर्वाधार विकास
- सूचना प्रविधि तथा संचारमा विकास
- मानव संसाधन र सामाजिक विकास
- उद्यम र सहकारिताको विकास
- वन वातावरण तथा पर्यटन प्रवर्द्धन
- विपद् व्यवस्थापन

Scanned with CamScanner

## क्षेत्रगत नीति तथा आधारहरु :

**(क) आर्थिक विकास :**

- स्थानीय स्तरमा रोजगारि अभिवृद्धि गर्न सरकारी तथा गैर सरकारी निकायहरु संगको साझेदारीमा विभिन्न किसिमका सीपमूलक तथा आयमूलक तालिम कार्यक्रम सञ्चालन गरिने छ ।
- एक वडा एक कृषि उत्पादन पकेट क्षेत्रको अवधारणालाई अगाडि बढाई कृषकहरुलाई आत्म निर्भरता तर्फ उन्मुख गराइनेछ ।
- पशुहरुको नश्ल सुधारका लागि कृत्रिम गर्भाधानलाई विस्तार गरिने छ तथा यसका लागि पशु सेवा प्राविधिकको क्षमता विकास गरिने छ ।
- नगरका सम्भाव्य धार्मिक पर्यटकीय क्षेत्रको विकास गर्न पर्यटन प्रवर्द्धनका लागि आवश्यक पहल गरिनेछ ।
- सहकारी क्षेत्रको क्षमता अभिवृद्धि गर्दै लगिनेछ ।

**(ख) सामाजिक विकास**

- लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नगरपालिकाबाट स्वीकृत नीतिको कार्यान्वयनमा जोड दिई आर्थिक, सामाजिक, लैंगिक रुपमा पिछडिएका महिला, बालबालिका, दलित, अपांग, ज्येष्ठ नागरिकहरुको शिक्षा, स्वास्थ्य र जीविकोपार्जन सुधारमा जोड दिइनेछ ।
- युवाहरुलाई स्वरोजगारमूलक तालिम तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- दलित लगायत विभिन्न जातजातिका परम्परागत पेशागत कार्यलाई निरन्तरता दिन समयसापेक्ष सीप विकासका कार्यक्रमहरु संञ्चालन गरी प्रविधि मैत्री बनाइने छ ।
- विभिन्न लक्षित वर्गहरुको क्षमता अभिवृद्धिका लागि क्षमता अभिवृद्धि सम्बन्धि कार्यहरु संञ्चालन गरिने छन् ।
- छाउपडी प्रथा न्युनिकरणका अभियानहरु सञ्चालन गरिनेछ ।
- जातीय विभेद अन्त्यका लागि विभिन्न कार्यक्रमहरु ल्याइने छन् ।
- नगरलाई बालश्रमिक मुक्त नगर घोषणाका लागि आवश्यक कार्यहरु गरिनेछ । साथै वडाहरुमा बालविवाह मुक्त अभियान सञ्चालन गरिने छ ।
- श्रम गरौं, भोक हटाऔं भन्ने नारालाई आत्मसात गर्दै अति विपन्न परिवारको तथ्यांक संकलन गरी नगरमा कोही पनि व्यक्ति भोको नरहने वातावरण सिर्जना गरिने छ ।
- नगरमा कार्यक्षेत्र भएका गैरसरकारी संस्थाहरुसंग निरन्तर समन्वय र सहकार्य गरी सामाजिक विकासको क्षेत्रलाई सुदृढ गरिनेछ ।

Scanned with CamScanner

**(ग) शिक्षा, युवा तथा खेलकुद**

- माध्यमिक तहका विद्यालयहरुमा प्राविधिक तथा व्यावसायिक शिक्षा पद्धतिलाई प्राथमिकता दिईनेछ। माध्यमिक विद्यालयहरुलाई कक्षा ११/१२ मा विज्ञान संकाय सञ्चालनका लागि प्रोत्साहित गरिने छ।
- शिक्षकको शिक्षण सुधारका लागि पेसागत तालिम सञ्चालन गरिने छ। उत्कृष्ट ५ जना शिक्षकलाई शैक्षिक शत्रको अन्तमा पुरस्कृत गर्ने कार्यक्रम ल्याइनेछ।
- **SEE** तथा कक्षा १२ मा उत्कृष्टता हासिल गर्ने एक विद्यालय, एक जना छात्र र एक जना छात्रालाई सम्मान गरिने छ।
- उत्कृष्ट एक आधारभूत र एक माध्यमिक विद्यालयलाई सम्मान सहित पुरस्कृत गरिनेछ।
- वि.व्य.स. अध्यक्ष, प्रधानाध्यापक र लेखाको काम गर्ने कर्मचारीको क्षमता विकास गरिने छ।
- शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विद्यालयमा शैक्षिक तथा भौतिक लगायत अन्य आवश्यक अनुदान प्रदान गरिने छ।
- विद्यालयमा विद्यार्थीको प्रतिभा पहिचानका कृयाकलापहरु सञ्चालन गरिने छ।
- यसै शैक्षिक सत्र देखि कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्रम हाम्रो दिपायल सिलगढी कार्यान्वयन गरी पाठ्यपुस्तक विकास समेत गरिनेछ।
- गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृतिको व्यवस्था गरिने छ।
- नगरमा इन्जिनियरिङ्ग र कृषि विषयमा स्नातक तहसम्म क्याम्पस स्थापनाका लागि आवश्यक पहल गरिनेछ।
- हरेक विद्यालयमा इन्टरनेट जडान कार्यका लीगि आवश्यक व्यवस्था गरिने छ।
- बाल विकास सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीहरुलाई नगरपालिकाबाट दिइदै आएको थप पारिश्रमिकलाई निरन्तरता दिइनेछ।
- अनाथ, अति विपन्न र बालश्रमिक बालबालिकालाई आवासीय सुविधा सहितको पठनपाठनको व्यवस्था मिलाइनेछ।
- नगरभित्र एउटा सुविधा सम्पन्न खेलमैदानका लागि आवश्यक व्यवस्था गरिनेछ।
- विभिन्न दिवसको अवसरमा नगर, वडा तथा पालिका स्तरीय खेलकुद कार्यक्रम आयोजनाको व्यवस्था गरिनेछ।
- खेलाडीको मनोबल उच्च राख्न विभिन्न विधाका उत्कृष्ट खेलाडीहरुलाई पुरस्कृत गरिनेछ।
- विद्यालयमा खेल सामग्री वितरणको व्यवस्था मिलाइनेछ।

Scanned with CamScanner

- युवाहरुका लागि विभिन्न सीपमूलक तालिम दिइ व्यवसाय सुरु गर्न आवश्यक सामग्री, उपकरण अनुदान दिइनेछ ।
- सफल युवा व्यवसायीहरुलाई सम्मान तथा पुरस्कृत गरिनेछ ।
- युवा सम्मेलनको आयोजना गरिनेछ ।
- भारत तथा विदेशमा रहेका जनशक्तिको अभिलेख राख्ने व्यवस्था गरिनेछ । विदेशबाट फर्केका युवाहरुले स्वदेशमै व्यवसाय गर्न आवश्यक सीप सहितको अनुदानको व्यवस्था गरिनेछ ।

**(घ) स्वास्थ्य :**

- स्वास्थ्य सम्वन्धि अधिकारलाई सुनिश्चित गर्न गुणस्तरीय स्वास्थ्य सेवाहरु सवै नागरिक समक्ष पुर्याउन आवश्यक कार्यक्रमहरु संञ्चालन गरिने छ ।
- स्वास्थ्य सम्वन्धि सचेतना कार्यक्रमहरु सञ्चालन गर्ने नीति अवलम्वन गरी विशेषज्ञ स्तरीय स्वास्थ्य शिविर संञ्चालन गरिने छ ।
- नगरमा स्वास्थ्य प्रयोगशालाको व्यवस्था गरिनेछ ।
- आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नका लागि औषधिको अभाव हुन दिइने छैन ।
- स्वास्थ्य संस्थाहरुमा आवश्यक उपकरण, औजारको लागि आवश्यक व्यवस्था गरिनेछ ।
- स्वास्थ्यकर्मीहरुको पेसागत विकासका लागि विभिन्न तालिमको आयोजना गरिनेछ ।
- कोरोना जस्ता सरुवा रोग नियन्त्रण, रोकथाम र उपचारका लागि आवश्यक व्यवस्था गरिने छ
- नगर क्षेत्रभित्र एउटा अस्पताल स्थापनाका लागि आवश्यक पहल गरिनेछ ।
- अति गरिव, असहायलाई निशुल्क एम्वुलेन्स उपलब्ध गरिने तथा  अति गरिव परिवारको कुनै
- सदस्य मृत्यु भई नजिकको मसानघाट सम्म पुर्‍याउन ट्याक्टर आवश्यक पर्ने भए यस कार्यालयको ट्याक्टर निशुल्क उपलब्ध गराइने छ । सो सेवाहरु उपभोग गर्ने व्यक्तिहरको नामनामेसी विवरण कार्यालयको सूचनापाटी तथा कार्यालयको वेभसाइटमा मासिक रुपमा सार्वजनिक गरिनेछ ।
- गर्भवती महिलाहरुलाई प्रसुति व्यथा लागि नगरभित्र नजिकको स्वास्थ्य संस्थासम्म पुर्‍याउन निःशुल्क एम्वुलेन्स र जिल्ला वाहिर लैजानु परेमा एम्वुलेन्स भाडामा ५० प्रतिशत छुट गरिनेछ
- नगरको स्वास्थ्य नीति वनाई सो नीति अनुसार स्वास्थ्यका योजना, कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।
- नगरभित्रका विद्यालयका विद्यार्थीहरुको वर्षको २ पटक स्वास्थ्य परीक्षणको व्यवस्था मिलाइने छ

Scanned with CamScanner

(ङ) **संस्कृति प्रवर्द्धनः**

- ऐतिहासिक पुरातात्विक महत्वका क्षेत्रहरुको संरक्षण तथा विकासमा जोड दिइनेछ ।
- मौलिक संस्कृतिको जगेर्ना गर्दै सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्ने वातावरण सिर्जना गर्ने नीति लिइनेछ ।
- नगर क्षेत्रमा रहेका परम्परागत मौलिक सांस्कृतिक सम्पदा तथा संस्कृति ( भुवा, रनपुतला, हुड्केली, लाखे नाच, गाइजात्रा,वाघजात्रा) लाई संवर्द्धन एवं संरक्षण गर्दै लगिने छ ।
- नगर क्षेत्र भित्र हुने धार्मिक पर्व (जात्रा) हरुको उचित संरक्षण गरिने छ ।
- पर्यटन प्रवर्द्धनका लागि होमस्टेको अवधारणालाई क्रमशः कार्यान्वयन गरिनेछ ।

(च) **पूर्वाधार विकास**

- **सफा सडक, हरित सडक** भन्ने कुरालाई हृदयङ्गम गरी सडकहरु नियमित रुपमा मर्मत सम्भार गर्दै किनारामा वृक्षारोपण गर्ने कार्यक्रम ल्याइने छ ।
- उपभोक्ता समितिका पदाधिकारीहरुको क्षमता विकासका लागि अभिमुखिकरण कार्यक्रम संञ्चालन गरिने छ ।
- नगरपालिका क्षेत्रमा आवश्यक खानेपानी तथा सिचाई एवं अन्य आवश्यक पूर्वाधार विकासका कार्यक्रमहरु ल्याइने छ । साथै समुदायलाई पानी सुरक्षित समुदाय र विद्यालयलाई सफा र स्वच्छ विद्यालय वनाउनका लागि आवश्यक पहल गरिनेछ ।
- नगरभित्र सरकारी तथा व्यक्तिगत घरहरु निर्माण हुंदा भवन निर्माण मापदण्डको पालना हुने गरी अनिवार्य रुपमा नक्सा पास गराएर मात्र घर निर्माण कार्य अघि बढ्ने पद्धतिको विकास गरिने छ ।
- नगर गौरवका योजना वनाई क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।
- व्यवस्थित वसपार्क स्थापनाका लागि आवश्यक कार्य गरिनेछ
- विकासमा जनताको अपनत्व वढाउन उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजनाहरुमा अनिवार्य रुपमा जनताहरुको श्रम तथा लागत सहभागिता गराउन पहल गरिने छ । योजना स्थलमै सार्वजनिक लेखापरीक्षण  कार्यको वैधता जांच गरिनेछ ।

Scanned with CamScanner

**(छ) वन, वातावरण तथा विपद् व्यवस्थापन :**

- नगरलाई आकर्षक बनाउन एवं वातावरण स्वच्छताको लागि वृक्षारोपण कार्यक्रमहरु संञ्चालन गरिने छ। साथै **साना उद्यान, नगरको अभियान** कार्यक्रम सञ्चालन गरिनेछ।
- प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनका लागि विपद् व्यवस्थापन सम्बन्धि कार्यक्रमहरु सञ्चालन गरिने छ।
- मनसुन जन्य विपद्का कारण खतरामा परेको वडा नं.७ को कोइरेली वस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरणको लागि आवश्यक व्यवस्था गरिनेछ।
- जलवायु अनुकूलनमूलक कार्यक्रमहरु अघि बढाइनेछ।
- नगरभित्रको फोहोरमैला विसर्जन केन्द्र (land fill Site) निर्माणका लागि आवश्यक कार्य गरिनेछ

**(ज) सुशासन तथा संस्थागत विकास :**

- कर्मचारीहरुको मनोबल उच्च राख्न तथा निजहरुको कार्यको प्रोत्साहन गर्न कार्य सम्पादनका आधारमा पुरस्कृत गरिने छ।
- जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकासका लागि आवश्यक तालिमहरु संचालन गर्नुका साथै कर्मचारी,जनप्रतिनिधिहरुलाइ विकास निर्माण कार्य एवं प्रशासनिक कार्यको अनुभव आदान प्रदान गर्न अवलोकन भ्रमणको व्यवस्था गरिने छ।
- क्षमता विकास योजना बनाई कार्यान्वयन गरिनेछ।
- एकीकृत पाश्र्व चित्र (ILG Profile) सहित नगरको आवधिक योजना बनाइ कार्यान्वयन गरिनेछ
- न्यायिक समिति बाट छिटो, छरितो र सर्वसुलभ न्याय सम्पादन गर्ने कार्यलाई विशेष जोड दिइनेछ। न्यायिक समितिका पदाधिकारी तथा सो कार्यमा संलग्न कर्मचारीको क्षमता विकासका लागि आवश्यक व्यवस्था मिलाइनुका साथै वडास्तरमा मेलमिलाप केन्द्र स्थापना गरी न्यायपूर्ण समाज निर्माण गरिने छ।
- पारदर्शी, जवाफदेही, स्वच्छ र सदाचारयुक्त जनसहभागितामूलक सेवा प्रवाह गर्दै प्रभावकारी अनुगमन कार्यलाई निरन्तरता दिईनेछ।
- निजी क्षेत्रलाई प्रोत्साहन गर्दै लगिनेछ।
- भ्रष्टाचारमा शून्य सहनशिलताको नीति अवलम्बन गरिनेछ।
- कार्यालयका लागि प्रशासकिय भवन निर्माण गर्न संघ सरकारसंग समन्वय गरी कार्य अगाडि बढाइनेछ। आफ्नै वडा भवन नभएका वडाहरुको भवन निर्माण कार्यलाई क्रमश: अघि बढाइनेछ।

Scanned with CamScanner

- योजना तर्जुमा प्रक्रियालाई जनमुखी बनाउन नगरको विकासमा नागरिकको अपनत्व बढाउन टोल विकास संस्था गठन गरी परिचालन गरिनेछ ।

**(झ) राजश्व परिचालन :**

- स्थानीय तहको वित्तीय अधिकार सम्बन्धी व्यवस्थाको पूर्ण रुपमा पालना गर्दै वित्तीय प्रशासन सुधारका लागी व्यावसायिक, दक्ष र सुदृढ प्रशासनको विकास गर्ने र राजश्व परिचालनको दायरा बढाउन राजश्व सम्बन्धी अध्ययन गरिने छ । करका दायरा फराकिलो गरी न्युनतम करको दरबाट बढी राजश्व संकलन गरिने छ ।
- वडा स्तरवाट राजश्व संकलन कार्यलाइ प्रभावकारी वनाइनुका साथै सो सम्वन्धमा कर्मचारी र जनप्रतिधिहरुको क्षमता अभिवृद्धि गरिनेछ ।
- आन्तरिक आयमा अपेक्षाकृत सुधार गरिने छ । राजश्व सुधार योजना वनाइ कार्यान्वयन गरिनेछ
- नगरको आन्तरिक आयलाई सुदृढी गर्न गत आ.व. को तुलनामा यस आ.व. मा उल्लेख्य प्रतिशत वृद्धि गरी राजश्व संकलन गर्ने वडालाई पुरस्कृत गर्ने नीति अवलम्बन गरिने छ ।

**(ञ) सूचना तथा सञ्चार प्रविधि :**

- सञ्चार क्षेत्रको विकास तथा प्रवर्द्धन गर्ने नीति लिइनेछ ।
- सवै वडामा सञ्चार प्रविधिको विकासका लागि आवश्यक कदम अगाडि बढाइनेछ ।
- जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकासका लागि आवश्यक कम्प्यूटर सम्वन्धी तालिमहरु संचालन गरिनेछ ।
- विद्युतीय सुशासन सम्वन्धी क्रियाकलापहरु अगाडी बढाइने छ ।

श्रद्धेय सभाध्यक्षज्यू,

अव म आगामी आ.व. २०७९/८० को अनुमानित आय व्ययको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**आय तर्फः**

१. आन्तरिक आय - १ करोड ५२ लाख २७ हजार

२. वैंक मौज्दातः - २ करोड

३. संघीय वित्तीय समानीकरण - १३ करोड ५८ लाख

Scanned with CamScanner

४ प्रदेश वित्तिय समानीकरण  - ९६ लाख ०७ हजार

५.संघीय राजश्व बाँडफाँड  - १० करोड ९१ लाख २० हजार

६. प्रदेश सवारी साधन कर बाँडफाँड  - ३४ लाख ८४ हजार

७. सशर्त अनुदान- २७ करोड ७६ लाख

८. संघीय विशेष अनुदान: १ करोड ४० लाख

९. संघीय समपूरक अनदान: १ करोड ९० लाख

१०. प्रदेश विशेष अनुदान:  २५ लाख

११. प्रदेश समपूरक अनुदान:७४ लाख

कुल जम्मा आय :६१ करोड ३७ लाख ३८ हजार

**व्यय तर्फ :**

**चालु खर्च:**

| सि.नं. | खर्चको शिर्षक | स्रोत | बजेट |
|---|---|---|---|
| १. | पदाधिकारी सुविधा लगायत अन्य प्रशासनिक खर्च | राजश्व बांडफांड/आन्तरिक आय | १ करोड १२ लाख ४९ हजार ६ सय |
| २. | वडा प्रशासनिक खर्च | राजश्व बांडफांड/आन्तरिक आय | ६३ लाख |
| ३. | सशर्त अनुदान | संघीय अनुदान | २४ करोड ९३ लाख |
| ४. | कर्मचारी तलव भत्ता लगायत कार्यालय सञ्चालन खर्च | राजश्व बांडफांड/आन्तरिक आय/गत मौज्दात | ८ करोड १०लाख ५० हजार |
| ५. | विषयगत शाखा र अन्य कार्यक्रम | राजश्व बांडफांड र समानीकरण | ३ करोड ९८ लाख ९ हजार |
| **जम्मा चालु खर्च** | | | **३८ करोड ७७ लाख ८ हजार ६ सय** |

Scanned with CamScanner

**पूजीगत खर्च :**

| सि.नं. | खर्चको शिर्षक | स्रोत | बजेट |
|---|---|---|---|
| १. | नगरपालिकास्तरीय र वडास्तरीय आयोजना/कार्यक्रम | वित्तिय समानिकरण | ११ करोड ५२ लाख २९ हजार ४ सय |
| २. | समपूरक कोष (संघ, प्रदेश र सडक वोर्ड) | वित्तिय समानिकरण | ३ करोड ९६ लाख |
| ३. | ससर्त अनुदान | संघीय सरकार | २ करोड ८३ लाख |
| ४. | समपुरक अनुदान | संघीय सरकार | १ करोड ९० लाख |
| ५. | समपुरक अनुदान | प्रदेश सरकार | ७४ लाख |
| ६. | विशेष अनुदान | संघीय सरकार | १ करोड ४० लाख |
| ७. | विशेष अनुदान | प्रदेश सरकार | २५ लाख |
| **जम्मा पूँजीगत खर्च** | | | **२२ करोड ६० लाख २९ हजार ४ सय** |

**श्रद्धेय सभाध्यक्षज्यू।**

नीति, कार्यक्रम, तथा बजेट तर्जुमा गर्ने सन्दर्भमा हामीले गरेको आग्रहलाई स्वीकार गरी बैठक तथा छलफलमा उपस्थित भई उल्लेखनीय सहयोग गर्नुहुने नगरकार्यपालिका सदस्यज्यूहरु, विभिन्न विषयगत समितिका पदाधिकारीज्यूहरु, विभिन्न क्षेत्रका विज्ञज्यूहरुलाई विशेष धन्यवाद दिन चाहन्छु । हाम्रो निमन्त्रणलाई स्वीकार गरी हामीलाई अमूल्य समय दिई यस सभामा पाल्नु भएका प्रमुख अतिथिज्यु, विशिष्ट अतिथिज्यु, अतिथि लगायत यहाँ उपस्थित सम्पूर्ण महानुभावहरु, सम्पूर्ण कर्मचारीहरु, सञ्चारकर्मी मित्रहरुप्रति आभार व्यक्त गर्दछु। साथै यस नगरसभा सम्पन्न गर्न तथा आगामी आ.व.को नीति,वजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियामा अहोरात्र खटिई सहयोग गर्नु हुने नीति निर्माण कार्यदल तथा प्रमुख प्रशासकिय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु ।

यसैगरी योजना, कार्यक्रम, वजेट तर्जुमा प्रकियामा प्रत्यक्ष अप्रत्यक्ष रुपमा संलग्न भई हामीलाई रचनात्मक सुझाव र सल्लाह दिनुहुने सम्पूर्ण आदरणीय व्यक्तित्वहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न

Scanned with CamScanner

चाहन्छु । प्रस्तुत नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनमा सम्पूर्ण नगरवासीको सक्रिय सहभागिता रहने अपेक्षा सहित कार्यान्वयनका निम्ति यहाँहरुबाट प्राप्त हुने रचनात्मक सुझावलाई मार्गदर्शनको रुपमा लिएर नगरपालिका अगाडि बढ्ने विश्वास दिलाउँदै यस गरिमामय नगरसभाको सफलताको शुभकामना सहित योजना, कार्यक्रमको सफल कार्यान्वयनमा यहाँहरुको निरन्तर साथ र सहयोगको अपेक्षा गर्दै विदा चाहन्छु ।

धन्यवाद ।

मिति : २०७९साल असार १० गते

कलावती महर साउंद

उपप्रमुख

दिपायल सिलगढी नगरपालिका

सिलगढी, डोटी

Scanned with CamScanner